# बोगटान फुड्सिल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

प. सं. : २०७७/७८
च. नं. :

चवराचौतारा, डोटी
सुदुरपश्चिम प्रदेश, नेपाल

मिति : २०७७।०७।०१

## शुभकामना सन्देश

नेपालीहरुको महान चाड बडादशैं २०७७ को सुखद उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पुर्ण नेपाली दिदिबहिनी तथा दाजुभाईहरुमा सुख, शान्ती र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।

असत्य माथि सत्यको विजय भएको मान्यता र प्रतिकको रुपमा मनाउने गरिएको विजया दशमीले सवै नेपालीलाई आ-आफ्नो क्षेत्रबाट न्याय र समानता सहितको सामाजिक, आर्थिक समृद्धिमा जुट्न प्रेरणा प्रदान गर्ने विश्वास लिएको छु । घटस्थापना देखी प्रारम्भ भई कोजाग्रत पुर्णिमासम्म मनाइने बडादशैंको अवसरमा विविध धार्मिक, साँस्कृतिक क्रियाकलाप एवं उत्सब हुने गरेका छन् तर गत विगतमा भन्दा यस बर्षको अवस्था भिन्नै भएको र कोरोना महामारीले सम्पुर्ण विश्व नै आक्रान्त बनेको छ । चाडपर्वको समयमा विशेष सावधानी र पर्याप्त सतर्कता अपनाउन नसके स्थिति भयावह हुन सक्ने भएकाले सबैले सजग एवं सचेत हुनुपर्ने अबस्था आएको छ ।

हाम्रो पालिकामा पनि बडादशैंमा घटस्थापना देखी पुर्णिमा सम्म विभिन्न मन्दीरहरुमा सर्वसाधारणहरुको ठुलो भीड हुने गर्दछ । यस बर्ष चाड पर्वको समयमा दैनिक नित्य पुजा बाहेक दर्शन एवं पुजाआजाका लागि मानिसहरुको भिडभाड, जमघट नगरीदिन हुन हार्दिक अनुरोध गर्दछु । जिवन रहे चाडपर्वहरु आउने बर्षहरुमा मनाउँला भन्ने विश्वासका साथ सम्पुर्ण दाजुभाई तथा दिदिबहिनिहरुले यस बर्ष आ-आफ्नो घरमै रही विशेष सावधानीका साथ तोकिएका जनस्वास्थ्य एवं सुरक्षाका मापदण्डहरुको पुर्ण पालना गरी चाडपर्व मनाउन आग्रह गर्दछु ।

अन्तमा खुसियालीको पर्वको रुपमा रहेको विजया दशमीले सबैमा नयाँ उत्साह एवं उमंग, जोश तथा जाँगर थप्दै बर्तमान समयमा आएको विश्वब्यापी महामारीलाई निर्मुल पार्दै समुन्नत नेपाल र सुखि नेपाली बनाउन प्रेरणा प्रदान गर्ने विश्वास ब्यक्त गर्दछु ।

कमल बहादुर गड्सिला
अध्यक्ष

अध्यक्ष ☎९८६८५६९६९७, उपाध्यक्ष ☎९८६९५०९५८०, प्रमुख प्रशासकीय अधिकृत ☎९८४८४७५५९२, सुचना अधिकारी ☎९८५८४७७०७६
ईमेल :icto.bogatanmun@gmail.com / info@bogatanmun.gov.np वेवसाइट :www.bogatanmun.gov.np